## पूर्वाञ्चल विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिससम्बन्धी (पहिलो संशोधन)कार्यविधि, २०८०

**प्रस्तावना:** पूर्वाञ्चल विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिस सम्बन्धी कार्यलाई अझ बढी प्रभावकारी बनाई स्वीकृत कार्यविधिलाई समुन्नत बनाउन वाञ्छनीय भएकोले,

पूर्वाञ्चल विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिस गर्न गठित सिफारिस समितिले देहायको कार्यविधि बनाई लागू गरेको छ।

**१.<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यस कार्यविधिको नाम "पूर्वाञ्चल विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिससम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि सिफारिस समितिबाट स्वीकृत भएको मिति २०८०।१२।१२ देखि लागू हुनेछ।

**२. <u>पूर्वाञ्चल विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिससम्बन्धी कार्यविधि, २०८० मा संशोधन:</u>** पूर्वाञ्चल विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिससम्बन्धी कार्यविधि, २०८० को दफा ९ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ:

" (३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि समितिले दरखास्त स्वीकृत भएका सबै उम्मेदवारलाई सोचपत्र तथा व्यावसायिक कार्ययोजनाको प्रस्तुतिकरण र अन्तर्वार्तामा सहभागी गराउने गरी मूल्याङ्कन प्रक्रियामा समावेश गर्न सक्नेछ।"

### पूर्वाञ्चल विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिससम्बन्धी (पहिलो संशोधन)कार्यविधि, २०८० को तीन महले विवरण

| क्र सं | दफा | मौजुदा व्यवस्था | संशोधित व्यवस्था | पुष्ट्याई |
|---|---|---|---|---|
| १ | - | हाल व्यवस्था नभएको | **१.<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यस कार्यविधिको नाम "पूर्वाञ्चल विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिससम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८०" रहेको छ।<br>(२) यो कार्यविधि सिफारिस समितिबाट स्वीकृत भएको मिति २०८०।१२।१२ देखि लागू हुनेछ। | कानूनको ढाँचा बमोजिम मिलाईएको। |
| २ | ९ को उपदफा (२) पछि | हाल व्यवस्था नभएको। | " (३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि समितिले दरखास्त स्वीकृत भएका सबै उम्मेदवारलाई सोचपत्र तथा | उपकुलपति छनोट सम्बन्धी प्रक्रियालाई अझ बढी प्रतिष्पर्धी बनाई उपयुक्त उम्मेद्वार |

| | | | | |
|---|---|---|---|---|
| | उपदफा (३) थप | | व्यावसायिक कार्ययोजनाको प्रस्तुतिकरण र अन्तर्वार्तामा सहभागी गराउने गरी मूल्याङ्कन प्रक्रियामा समावेश गर्न सक्नेछ।" | छनोट गरी सिफारिस गर्न आवश्यक भएको। |